**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**टंगाल, काठमाडौं**

मिति: २०७५।०२।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

शिक्षा विकास तथा समन्वय इकाई, सुनसरी (जिल्ला शिक्षा कार्यालय) का समन्वय अधिकृत उप-सचिव खगेन्द्र प्रसाद सुवेदीले श्री आधारभूत विद्यालय, भन्टावारीको विद्यालय भवन तथा शौचालय निर्माणको योजना पारिदिने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निजलाई रु.५०,०००/-(पचास हजार) घुस वापतको रकम लिएको अवस्थामा जिल्ला सुनसरी, इनरुवा नगरपालिका स्थित निजको सरकारी निवासबाट नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता